सौर्य दैनिक
आर्थिक

म्याग्दीको रघुगङ्गा गाउँपालिका ४, दग्नामको पुछारमा पहाड काटेर ४८.५ मेगावाटको अपर राहुघाट जलविद्युत् आयोजनाको विद्युतगृह निर्माण गरिँदै । तुण्डी पावर कम्पनीले निर्माण गर्न लागेको यस आयोजनाको लगरको बगरमा विद्युतगृह बनाउन लागिएको छ

प्रसिद्ध धार्मिक स्थल मनकामना मन्दिर पुग्ने मनकामना केबलकार पुन: सञ्चालनमा आएको छ । विद्युत् आपूर्तिमा समस्या आउँदा प्यानलबोर्डमा क्षति पुगेपछि मर्मतका लागि बन्द गरिएको केबलकार ११ दिनपछि सञ्चालनमा आएको हो । मर्मतका लागि केबलकार निर्माता कम्पनीलाई अस्ट्रियाबाट झिकाइएको थियो

राष्ट्रिय कृषि गणनाको परिणाम अन्तिम चरणमा

■ सौर्य समाचार

काठमाडौं । मुलुकमा संघीय संरचना सुरुवात भएपछि पहिलोपटक गरिएको राष्ट्रिय कृषि गणनाको परिणाम अन्तिम चरणमा पुगेको छ । उक्त गणनाअन्तर्गत देशभरमा उत्पादन हुने विभिन्न बालीनालीको अवस्था, कृषि क्षेत्रको विवरण, कृषि उत्पादनमा समेटिएको क्षेत्रफल, पशुपक्षीको संख्या, सिँचाइ, कृषि सामग्रीको प्रयोग, माछापालनलगायत विवरण संकलन, प्रशोधन तथा प्रकाशन गर्ने कार्य अन्तिम अवस्थामा पुगेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ । आगामी माघभित्रमा यसको प्रकाशन गरिने तयारी छ । पहिलोपटक पालिकास्तरदेखि नै कृषकको अवस्था खेतीपाती गरिएका कित्ताको क्षेत्रफल, उत्पादनलगायत विषय संकलन गरिएको हो । देशभरको कृषि क्षेत्रका समग्र विषयवस्तु संकलन गर्ने कार्य नै राष्ट्रिय कृषि गणना हो । विसं २०१८ देखि प्रत्येक १०/१० वर्षमा कृषि गणना हुँदै आएको छ । यस क्रमको यो सातौं राष्ट्रिय कृषिगणना २०७८ को चैत, वैशाख र जेठमा सञ्चालन गरिएको तथ्यांक अधिकृत गणेश फुयाँलले जानकारी दिए ।

यसपटकको राष्ट्रिय जनगणनाअन्तर्गत पारिवारिक विवरण संकलन गर्दा हरेक परिवारले चलन गरिआएको खेतीपातीको क्षेत्रफल र पशुपक्षीको संख्या संकलन गरिएको थियो । सोही लगतका आधारमा ७७ जिल्लाका सात सय ५३ गाउँपालिका र नगरपालिकामा वैज्ञानिक छनोट विधिले छानिएका गणनाक्षेत्र (वडा, वडाखण्ड) मा रहेका कृषक परिवारको सूची अध्यावधिक गरी निश्चित मात्रामा कृषक परिवार छानिएका र कृषक परिवारसँग व्यक्तिगत अन्तवार्ताद्वारा कृषिचलनसम्बन्धी विस्तृत विवरण संकलन गरिएको छ । सो गणनाअन्तर्गत पारिवारिक, व्यावसायिक तथा संस्थागतरुपमा सञ्चालन भएका कृषिकार्यको विवरण संकलन गरिएको हो ।

कृषि गणनामा सबै घरपरिवारको गणना नभई सात सय ५३ वटै स्थानीय तहको प्रतिनिधित्व हुने तथा पूर्ण विवरण आउने गरी तथ्यांकीय विधिबाट छानिएका करिब तीन लाख ५० हजार कृषक घरपरिवारको गणना गरिएको छ । जनणनामा करिब ४१ लाख कृषक परिवारको सूचीकरण भएकामा कृषि गणनामा जनगणनाबाट प्राप्त कृषक परिवारमध्ये करिब छानिएका तीन लाख ५० हजार कृषक परिवार वैज्ञानिक विधिबाट छनोट गरी विस्तृत विवरण

संकलन गरिएको कृषि तथा वन तथ्यांक शाखाका वरिष्ठ अधिकृत सहनलक्ष्मी ताम्राकारले बताए ।

कृषक परिवार प्रश्नावलीमार्फत् कृषक परिवार, कृषि चलन, कृषि कामदार, कित्ताको विवरण र सिँचाइ, खेती गरिएका अन्नबाली, कोसेबाली, दलहन, कन्दमूल, तेलबाली, नगदेबाली, मसलाबाली, अन्य तरकारी, फलफूल, बीउबिजन विषादि तथा मलखादको प्रयोगका विषयबारे राष्ट्रिय कृषिगणनामा संकलन गरिएको छ । गणनाअन्तर्गत पाल्तु पशुपक्षीको उमेरअनुसारको संख्या, कृषि कार्यमा प्रयोग हुने भवन र संरचना, कृषि औजार, पोखरीको विवरण र माछापालन, मौरीपालन, च्याउ र पुष्पखेती, रेशम खेती, कृषि ऋण, बीमा र अनुदान, कृषिमा वातावरणीय प्रभाव, दैवी प्रकोप, खाद्य पर्याप्तता, महिला र पुरूषका नाममा रहेको कृषि जग्गा तथा परिवारका अन्य आर्थिक क्रियाकलापसम्बन्धी विवरण पनि छन् ।पारिवारिक, व्यावसायिक र संस्थागतरुपमा उत्पादन हुने खेतीपाती, पशुपक्षीपालन, माछापालनको गणनाले यस क्षेत्रले राष्ट्रिय उत्पादनमा पार्ने प्रभाव तथा योगदानको अध्ययन गर्न सहयोग पुग्ने पशु सेवा विभागकका प्रवक्ता डा चन्द्र ढकालले जानकारी दिए । व्यावसायिकरुपमा गरिएका तरकारी खेती, फलफूलखेती, ठूलो सङ्ख्यामा गरिएको कुखुरापालन, बाखापालन, दूध तथा दूधजन्य उत्पादन बिक्रीका लागि गरिएको गाई भैंसीपालन आदि पर्दछन् । संस्थागत कृषिकार्य भन्नाले सरकारी, अर्धसरकारी वा गैरसरकारी फार्म पर्दछन् । यसमा सहकारी व्यवस्थापनअन्तर्गत सञ्चालित कृषि फार्म पनि पर्दछन् ।

२५ करोडमा बनेको होल्डिङ सेन्टर प्रयोगविहीन

■ सौर्य समाचार

काठमाडौं । एक हजार जनालाई एकैपटकमा आवासीय सेवा दिने क्षमताको होल्डिङ सेन्टर मेचीनगर नगरपालिकाको वडा नं १४ मा निर्माण भएको आठ महिना बितिसक्यो । सरकारले यसलाई सञ्चालनमा ल्याउन नसक्दा राज्यको ठूलो लगानी प्रयोगविहीन बनेको छ । कोभिड-१९ को विश्वव्यापी महामारी फैलिएपछि सरकारले सातै प्रदेश र उपत्यकामा सुविधासम्पन्न होल्डिङ सेन्टर निर्माण गरेको हो । मेचीनगरमा निर्माण भएको उक्त संरचना प्रदेशस्तरीय हो । विसं २०७८ को असारतिर सरकारले ठेक्का दिएपछि नेपाली सेनाको अनुगमनमा नौ महिनामै होल्डिङ सेन्टरका भौतिक संरचना तयार भएका थिए । पूर्वीनाका काँकडभिट्टाबाट प्रवेश गर्ने सम्भावित कोभिड संक्रमितलाई राख्न भनेर निर्माण गरिएको यसमा रु २५ करोड लगानी भएको छ । सहायक प्रमुख जिल्ला

अधिकारी विश्वराज नेपालले होल्डिङ सेन्टर सञ्चालनको आवश्यक गृहकार्य भइरहेको बताए । 'डिसिएमसीको हालै सम्पन्न बैठकमा यसको सञ्चालनबारेमा छलफल भएको थियो', उनी भन्छन्, 'बनिसकेको संरचना छिटो सञ्चालनमा ल्याउन पहल र छलफल भइरहेको छ ।' रेखदेख गरिरहेको नेपाली सेनालाई तत्कालै एक सय श्यया तयारी अवस्थामा राख्न आग्रह गरिएको सहायक प्रजिअ नेपालले बताए । प्रदेश नं १ का स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा सुरेश मेहताले होल्डिङ सेन्टरको निर्माणको विषय गृह मन्त्रालयअन्तर्गत रहेको जनाउँदै महामारीले निम्त्याउने जोखिम न्यूनीकरणका लागि यस्ता संरचना हरहालतमा तयारी राखिन आवश्यक रहेको बताए ।

के छ होल्डिङ सेन्टरमा

मेचीनगर नगरपालिकाले प्रदान गरेको चार बिघा जग्गामा बनेको होल्डिङ सेन्टरमा एकै डिजाइनका २२ अत्याधुनिक पक्की भवन छन् । त्यसमा १४ क्वारेन्टिन, एक/एक चिकित्साकर्मी र अन्य स्वास्थ्यकर्मीका आवासगृह, १२ डाइनिङ हल, तीन भान्सा र १६ शौचालय भवन रहेका छन् । निर्माण भएपछि प्रयोगमा नआउँदा कति सामान काम नलाग्ने भए कि भएनन् भन्ने निश्चित छैन । हँडिया खोलाको बगरमा बनेको होल्डिङ सेन्टर क्षेत्रलाई सेनाले काँडे तारले घेराबार गरेको छ । यहाँ खानेपानी, सडक र विद्युत्को सुविधा पुगिसकेको छ । शौचालय र घेराबारसमेत भएकाले चाहेका बेला सञ्चालनमा ल्याउन सकिने अवस्था छ । एक साताअघि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले निर्देशन दिएपछि एक सय श्यया तयारी अवस्थामा रहेको र आवश्यक पर्दा एक हजार श्यया जुनसुकैबेला सञ्चालनमा ल्याउन सकिने नेपाली सेनाले जनाएको छ ।

कर्पोरेट

ग्लोबल आइएमई र बिओकेको संयुक्त प्रभातफेरि

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडले संयुक्तरुपमा देशव्यापी प्रभातफेरि कार्यक्रमको आयोजना गरेका छन् । ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडको मर्जरको अवसरमा दुई बैंकले संयुक्तरुपमा काठमाडौं उपत्यकासहित नेपालका मुख्य मुख्य शहरहरुमा प्रभातफेरि कार्यक्रमको आयोजना गरेका हुन् । ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड यही पौष २५ गतेदेखि ग्लोबल आइएमई बैंकको नामबाट संयुक्त कारोबार सुरु गर्दैछन् । प्रभातफेरिमा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल, दुवै बैंकका सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत लगायत दुई बैंकका १ हजारभन्दा बढी कर्मचारीको उपस्थिति रहेको थियो ।

वित्तीय साक्षरतामूलक प्लेकार्ड तथा व्यानरसहित प्रभातफेरिमा उपस्थित कर्मचारीहरुले काठमाडौंको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानबाट हिँड्दै शहरको मुख्यमुख्य भागको परिक्रमा गरेका थिए, भने काठमाडौं उपत्यकाबाहिर पनि मुख्यमुख्य शहरमा परिक्रमा गरेका थिए ।

मर्जर पश्चात् बैंकको कूलपुँजी रु. ५७ अर्ब, चुक्तापूँजी रु. ३५.७७ अर्ब, कूर्लानक्षेप रु. ४०० अर्बभन्दा बढि र कूलकर्जा रु. ३७९ अर्ब भन्दा बढि पुग्नेछ । मर्जर पछि बन्ने नयाँ बैंक कूलपुँजी, चुक्तापुँजी तथा व्यवसायको आकारको हिसाबले नेपालको सबैभन्दा ठूलो बैंक बन्नेछ ।

नयाँ बैंकको सञ्चालक समितिमा ग्लोबल आइएमई बैकको तर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकाल सहित ५ जना र बैंक अफ काठमाण्डूको तर्फबाट २ जना रहनेछन् । त्यसैगरी बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य रहनेछन् ।

२१ वटा बैंक तथा वित्तीय संस्थाहरु गाभिएर बन्ने ग्लोबल आइएमई लिमिटेडमा ५ वटा वाणिज्य बैंक, १० वटा विकास बैंक तथा ६ वटा फाइनान्स कम्पनी समाहित हुनेछन् । दुई बैंकहरुको मर्जर पश्चात् कूल ३६५ शाखाकार्यालय, ३६७ एटिएम, २८६ शाखा रहित बैंकिङ सेवा, ६१ विस्तारित शाखाकार्यालयहरु, ३ वटा विदेश स्थित सम्पर्क कार्यालयहरु, ४० लाखभन्दा बढि ग्राहक हुनेछन् ।

चन्द्रागिरि हिल्सको अध्यक्षमा हेमराज ढकाल

काठमाडौं । चन्द्रागिरि हिल्स लिमिटेडको अध्यक्षमा हेमराज ढकाल नियुक्त भएका छन् । यही पुस २१ गते बसेको १३औं वार्षिक साधारणसभाले आगामी चार वर्षको कार्यकालका लागि सञ्चालक सदस्यमा क्रमश: हेमराज ढकाल, उत्तम कुमार नेपाल, कल्याण गुरुङ्ग तथा दिलिप शेखर श्रेष्ठ निर्विरोध निर्वाचित गरेको हो । साथै सोही दिनमा बसेको नवनिर्वाचित सञ्चालक समितिको बैठकले सञ्चालक सदस्य हेमराज ढकाललाई अध्यक्षमा निर्विरोध चयन गरेको कम्पनीले जनाएको छ । नवनिर्वाचित अध्यक्ष ढकाल चन्द्रागिरि हिल्सका संस्थापक अध्यक्षसमेत हुन् । लामो समयको मलेसिया बसाइँका क्रममा त्यहाँ निर्माण भएको ग्यान्टिङ्ग हाइल्यान्ड परियोजनाबाट प्रभावित भई अध्यक्ष ढकालले सन् २००९ देखि नै एकीकृत पर्यटकीय पूर्वाधारको रुपमा चन्द्रागिरि हिल्सको परिकल्पना गरेका थिए । ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक महत्व बोकेको चन्द्रागिरि डाँडामा यस कम्पनीले भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क, सेमिनार हल, साहसिक खेल तथा पाँच तारे लक्जरी रिसोर्ट लगायतका पूर्वाधार निर्माण गरेर चन्द्रागिरि डाँडालाई एकीकृत पर्यटकीय गन्तव्यको रुपमा विकास गरिरहेको छ ।

सन्राइजका ग्राहकलाई फ्रन्टलाइन हस्पिटलमा छुट

काठमाडौं । सन्राइज बैंकले आफ्ना ग्राहकहरुको सहजता तथा सुविधालाई मध्यनजर गर्दै अस्पताल, रेष्टुरेन्ट तथा विभिन्न क्षेत्रमा विशेष छुट सहितका सुविधा दिँदै आएको छ । त्यसै क्रममा बैंकले स्वास्थ्य क्षेत्रमा समेत विभिन्न छुट दिने उद्देश्यले काठमाडौंको पुरानो वानेश्वर स्थित फ्रन्टलाइन हस्पिटलसँग सम्झौता गरेको छ । सनराइज बैंक लिमिटेड तथा फ्रन्टलाइन हस्पिटलका बीच बैंकका ग्राहकहरुलाई विशेष छुट प्रदान गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौताअनुसार बैंकका ग्राहकहरुले यस बैंकको क्रेडिट, डेबिट कार्ड वा मोबाइल बैंकिङ्गमार्फत फ्रन्टलाइन हस्पिटलका विभिन्न सेवा तथा उपचार सुविधामा छुट लिन सक्नेछन्बै कका ग्राहकहरुले फ्रन्टलाइन हस्पिटलको ओपिडि सेवाहरु र बेड शुल्कमा १३ प्रतिशत, ओपीडी फार्मेसीमा ७ प्रतिशत र शल्यक्रिया सेवा शुल्कमा ५ प्रतिशत छुट पाउन सक्ने जनाइएको छ ।

Invitation for Online Quotations

SHIVASATAKSHI MUNICIPALITY

OFFICE OF THE MUNICIPAL EXECUTIVE

PROVINCE NO.1,JAHPA

Date of publication: 2079/09/24 (08-Jan-2023)

1. The Shivasatakshi Municipality invites online quotations for the Following Procurement.

Contract ID	Descriptions	Bid doc Fee Nrs	Bid Security Nrs
04/SM/SQ/Goods/2079/080	Procurement of E Attendence Machine and accessories	1000.00	41,500

2. Eligible Bidders may obtain further Information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bopatra.gov.np/eg till 12:00, 2079/10/09 (23-Jan-2023). Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account
   Name of the Bank: Mega Bank Nepal LTD.
   Name of Office: Shivasatakshi Municipality
   Office Account no(Rajaswa Khata).: 3140010000128
4. Online bids must be submitted through www.bopatra.gov.np/egp egp on or before 12:00 on 2079/10/09 (23-Jan-2023). Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 , 2079/10/09 (23-Jan-2023). the office of Shivasatakshi Municipality Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid must be valid for a period of 75 days after bid opening and must be accompained by a bid security amount as mention above should deposited at Dharauti Khata a/c no 3140010000161 on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD ,Byangdada Branch.

   or

   Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer